नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ७६ २०७७ साल असोज ३० गते शुक्रबार (16 Oct. 2020 Friday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : मानव अधिकार उल्लंघनकर्ताका ... ३ पृष्ठमा : भारतीय बिरामी ... ३ पृष्ठमा : थाईल्याण्डमा सङ्कटकाल ...

# दलित समुदायमाथी विभिन्न हिंसाका घटना बढ्दै गएको भन्दै प्रदर्शन



*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २९ असोज ।**

दलित अगुवाहरुले आफ्नो समुदायका व्यक्तिमाथी हत्या, हिंसा, बलात्कार र हिरासतमा राखेर चरम यातनाको घटना बढ्दै गएको भन्दै बिहीबार राजविराजमा प्रदर्शन गरेका छन् ।

दलित समुदायमाथी विगत केही महिनायता मुलुक भर हत्या, हिंसा, बलात्कार र कुटपिटको घटना बढ्दै गएको र घटनामा संलग्न दोषिहरु विभिन्न बहानामा कानुनी दायराबाट उन्मुक्ति पाउने गरेको भन्दै संयुक्र दलित संघर्ष समिति सप्तरीको अगुवाईमा उनीहरुले घटनाहरुको छानबिन र दोषिमाथी कडा कारवाहीको माँग समेत गरेका छन् । स्थानिय राजरंगशालाबाट र्‍याली निकालेर पुनः सोही ठाउँमा पुगि बिरोध सभाको आयोजना गरिएको थियो ।

महिलाहरुको उल्लेख्य सहभागितामा सुरु भएको बिरोध सभाका वक्ताहरुले ठूलो संख्यामा रहेको दलित समुदायलाई राजनीतिक दलले चुनावको बेलामात्र सम्झने गरेको गुनासो गर्दै हालै मुलुकको विभिन्न ठाउँमा दलित समुदायमाथी भएको हत्या, हिंसा, कुटपिट र बलात्कारका घटनाप्रति कुनै चासो नदेखाएको भन्दै आक्रोस पोखेका थिए ।

संयुक्त दलित संघर्ष समिति सप्तरीका अध्यक्ष प्रथमलाल रामको अध्यक्षता तथा पूर्वसभासद् असर्फी सदाको प्रमुख आतिथ्यमा आयोजित बिरोध सभालाई बहुजन समाज

*बाँकी तीन पृष्ठमा*

## सुचना । सुचना ॥ सुचना ॥।

यही मिति २०७७ कार्तिक १५ गते शनिवारका दिन सप्तरी क्रिकेट संघको बार्षिक साधारण सभा हुने भएकोले यस संघका पदाधिकारी तथा संघसँग आबद्ध सम्पुर्ण सदस्यहरूलाई उपस्थितिको लागि अनुरोध छ ।

**कार्यक्रम**
मिति : २०७७ कार्तिक १५ गते, शनिवार
स्थान : नेपाल पत्रकार महासंघ सप्तरीको सभा हल
समय : दिनको ११ बजे देखी

चन्दनकुमार यादब
सचिव
सप्तरी क्रिकेट संघ, राजबिराज

# सप्तरीमा म्याद नाघेको वियर, चिसो पेय पदार्थ र खाद्य बस्तु नष्ट गरिँदै



*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २९ असोज ।**

अहिले सप्तरीको बजारमा म्याद गुज्रेका वियर, चिसो पेय पदार्थ र खाद्य बस्तुको बिक्रि बढेसँगै अनुगमन टोलीको निगरानी समेत बढेको छ ।

बजारमा खुलेआम अखाद्य बस्तु बिक्रि बितरण भइरहेको गुनासो आएपछि संयुक्त बजार अनुगमन टोलीले केही दिन यता थालेको बजार अनुगमनका क्रममा ठूलो परिमाणमा म्याद गुज्रेका तथा अखाद्य बस्तु फेला पार्दै नष्ट गर्दैछ ।

जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरे नेतृत्वको संयुक्त बजार अनुगमन टोलीले बजारका विभिन्न होटल, किराना र मदिरा पसललाई लक्षित गरि अनुगमनलाई तिब्र बनाएको हो ।

सो क्रममा म्याद गुज्रेका र

*बाँकी तीन पृष्ठमा*



## सम्पादकीय

### अनुगमनले निरन्तरता पाओस्

अहिले बजार अनुगमनले तिब्रता पाएको छ। हुन त बजार अनुगमनले चाडपर्वको बेला मात्र तिब्रता पाएको भन्ने कुरा सबैले बुझेकै हो। एक वर्षको अवधीमा चाडपर्वको बेला मात्र अनुगमनले तिब्र पाउनु सरकारी नीतिको एउटा पाटो बुझ्न सकिन्छ। कीन भने उपभोक्ता चाडपर्वको बेला मात्र ठगिने गर्दैनन्, अन्य बेला झनै ठगिने गर्छन्। पसलेले कुनै पनि बस्तुको बजार मुल्य भन्दा बढी लिन पाउँदैनन्। तर, यहाँ कुनै नियम छैन्। उपभोक्त सधैं ठगिन्छन्।

यसरी चाडपर्वको बेला मात्र अनुगमन गरेर पुग्दैन, यसका लागि मासिक रुपमा बजार अनुगमन आवश्यक छ। यसले गर्दा उपभोक्ता पनि आफू सचेत हुन्छन् भने पसलेहरुमा पनि अनुगमनका कारण केही अनुशासित बन्न सक्छन्।

बजार अनुगमनले बजारमा लागु गरिएको अवैध मुल्यलाई नियन्त्रण गर्न मद्दत गर्छ भने यसका साथै उपभोक्ता पनि आफू ठगिने प्रबृतीप्रति सचेत हुन सक्छन्। तसर्थ बजार अनुगमनले निरन्तरता पाउनुपर्छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मानव अधिकार उल्लंघनकर्ताको सूची सार्वजनिक

काठमाडौं, २९ असोज (रासस)। राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारका उच्चाधिकारीसहित दुई सय ६८ जना मानव अधिकार उल्लङ्घनकर्ताको नामावली बिहीबार सार्वजनिक गरेको छ।

आयोगका अध्यक्ष अनुपराज शर्माले विगत बीस वर्षमा गरेका सिफारिसको कार्यान्वयन अवस्थाको प्रतिवेदनबाट उक्त सङ्ख्याका उलङ्घनर्ताको सूची सार्वजनिक गर्नुभएको हो। हालसम्मका एक हजार १९५ सिफारिस र कार्यान्वयनको अवस्थाको मूल्याङ्कनका आधारमा ती नाम तय गरिएको आयोगका प्रवक्ता वेद भट्टराईले जानकारी दिनुभयो।

प्रतिवेदनले नेपाल सरकारका सचिवसहित निजामती सेवाका कर्मचारी १६, नेपाल प्रहरीका ९८, नेपाली सेनाका ८५, सशस्त्र प्रहरी बलका आठ, तत्कालीन नेकपा (माओवादी) का ६५, शिक्षक चार, चिकित्सक दुईसहित सुराकी, प्रतिकार समूह, सेवागृह सञ्चालक एवम् कैदी समेत थप सात र एकजना मानवअधिकारकर्मीलालाई उलङ्घर्तामा समावेश गरेको छ।

प्रवक्ता भट्टराईका अनुसार तीमध्ये हालसम्म ३० जनालाई मात्र कानुनी कारबाही भएको र बाँकी २५६ जनालाई कुनै कारबाही नभएको प्रतिवेदनले देखाएको छ। सिफारिस गरिएका उजुरीमध्ये सबैभन्दा बढी हत्याका घटनासँग सम्बन्धित र सबैभन्दा कम शरणार्थीको अधिकारसँग सम्बन्धित छन्।

प्रतिवेदमा आयोगबाट भएका ३४ प्रकृतिका विभिन्न सिफारिसमा ११ वटा निकायको नाम किटान गरी तिनलाई मानव अधिकार उल्लङ्घनकर्ताका रुपमा पहिचान गरिएको छ।

आयोगका हालसम्मका सिफारिसमा १६३ वटा पूर्ण कार्यान्वयन भएका छन् भने ४४५ वटा सिफारिस आंशिक रुपमा कार्यान्वयन भएका छन्। यस्तै ५८७ सिफारिस अझै कार्यान्वयन हुन सकेका छैनन्।

पीडितको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको विषयलाई अधिकांशत: मौद्रिक क्षतिपूर्तिबाट मात्र टुङ्ग्याउने प्रवृत्तिले एकातिर पीडितको पूर्ण न्यायप्राप्तिको अधिकार संकुचन भएको र अर्कातर्फ दण्डहीनताको स्थितिले बढावा पाएको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनले आयोगका वार्षिक प्रतिवेदनमाथि सङ्घीय संसद र प्रदेश सभामा छलफल हुन, राजनीतिक दलका घोषणापत्रमा उल्लेख भएका मानव अधिकारप्रतिको प्रतिबद्धता कार्यान्वयन हुन, दण्डहीनताको स्थिति अन्त्य गरी मानवअधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गराउन सरकारलाई आवश्यक निर्देशन दिन विषयगत संसदीय समितिलाई आग्रह गरेको छ।

# कोरोनासँग जुध्दै आर्थिक क्रियाकलापलाई बढाउन अर्थमन्त्रीको निर्देशन

काठमाडौं, २९ असोज (रासस)। नवनियुक्त अर्थमन्त्री विष्णुप्रसाद पौडेलले कोरोना भाइरसको महामारीका कारण अन्य मुलुकमा झैं नेपालको आर्थिक क्षेत्र पनि प्रभावित भएकाले यसविरुद्ध जुध्दै अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ।

आफ्नो पद बहालीपछि बिहीबार मन्त्रालय र मातहतका निकायका प्रमुखलाई निर्देशन दिँदै उहाँले अर्थतन्त्रलाई थप सबल बनाउनुपर्ने भएकाले त्यसमा सबैको उत्तिकै साथ र सहयोग जरुरी रहेको बताउनुभयो।

कोरानाका कारण अन्तराष्ट्रिय र राष्ट्रिय अर्थतन्त्र तथा आर्थिक क्रियाकलाप सुस्त भएकाले यस्तो अवस्थामा आर्थिक क्रियाकलपलाई माथि उठाउनुपर्नेमा जोड दिँदै उहाँले अर्थतन्त्रलाई गतिशील बनाउँदै रोजगारी सिर्जना गरी आर्थिक वृद्धिमा समेत लाग्नुपर्ने बताउनुभयो।

सरकारको बजेट र मौद्रिक नीतिले लिएका लक्ष्य हासिल गर्न सबैको इमान्दार प्रयास जरुरी रहेकोमा जोड दिँदै उहाँले नागरिकको जीवनरक्षा गर्दै आर्थिक गतिविधिलाई बढावा दिनुपर्ने बताउनुभयो। चालु आर्थिक वर्षको बजेटले समेत कोरोना कारण सिर्जित समस्या समाधानका लागि मार्गदर्शन गरेको र त्यसको व्यवहारिक कार्यान्वयनले आर्थिक क्षेत्र थप सबल बन्ने मन्त्री पौडेलको भनाइ छ। उहाँले कोरोना प्रभावित वर्ग तथा क्षेत्रलाई राहत तथा पुन: उत्थानका लागि सरकारले अगाडि सारेका नीति तथा कार्यक्रमको व्यावहारिक कार्यान्वयन नै आजको प्रमुख आवश्यकता हो भन्नुभयो।

अर्थमन्त्रीले भन्नुभयो "चालू आवको बजेटले पनि धेरै विषय समेटेको छ। यस्तै राष्ट्र बैंकको मौद्रिक नीतिले पनि आर्थिक तथा वित्तीय क्षेत्रको सबलीकरणका लागि धेरै विषय समेटेको छ, त्यसको व्यावहारिक कार्यान्वयन गर्नु जरुरी छ।"

उहाँले पूँजीगत खर्चका विषयमा सधैं प्रश्न उठ्ने भएकाले विकास निर्माणको कामलाई प्रभावकारीरुपमा अगाडि बढाउन अवलम्बन गर्न गर्नुपर्ने स्पष्ट दृष्टिकोणका साथ काम गर्न पनि आग्रह गर्नुभयो।

अर्थमन्त्री पौडेलले आर्थिक अनुशासन कायम गर्दै अगाडि बढ्न निर्देशन दिँदै वित्तीय क्षेत्रमा सुशासन कायम गर्ने विषय पनि अर्को महत्वपूर्ण कार्यभार रहेको उल्लेख गर्नुभयो। उहाँले आर्थिक अनुशासन कायम गर्दै समग्र वित्तीय सुशासनलाई विशेष ध्यान दिएर अन्तरनिकाय समन्वयलाई पनि प्रमुख प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताउनुभयो। अर्थमन्त्री पौडेलले अन्तरनिकायबीचको सम्बन्धलाई समेत नयाँ ढंगले परिभाषित गरेरअगाडि बढ्नुपर्ने स्पष्ट गर्दै एकार्का निकायबीचको भूमिका परिपूरक भएको भएको र त्यसमा अर्थ मन्त्रालय सहयोगीका रुपमा रहनुपर्ने बताउनुभयो।

# ग्यास सिलिण्डर विस्फोट हुँदा ११ घाइते

काठमाडौं, २९ असोज (रासस)। काठमाडौंको सोह्रखुट्टेस्थित नयाँ बजारको फलफूल चोकमा ग्यास सिलिण्डर विस्फोट हुँदा ११ जना घाइते भएका छन्।

उक्त घटनामा ठूलो भौतिक क्षति भएको महानगरीय प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले जानकारी दिनुभयो। घाइतेमध्ये तीन जनाको मनमोहन अस्पताल ठमेल र तीन जनाको महाराजगञ्जस्थित शिक्षण अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ। विस्फोटपछि आगलागीसमेत भएको जनाइएको छ। दमकलको सहायतामा प्रहरीले आगो निभाएको थियो।

महानगरीय प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक श्यामलाल ज्ञवालीका अनुसार बिहीबार बिहान ११:५० मा घटना भएको हो। विस्फोटबाट घरको भौतिक संरचना नै भत्किएको उहाँले जानकारी दिनुभयो। उक्त घटनाका कारण वरिपरीका घरमा समेत क्षति पुगेको जनाइएको छ।

निलकुमारी क्षेत्रीको घरमा विस्फोट भएको हो। उहाँका श्रीमान्को हिजो मात्रै निधन भएको थियो। परिवार किरियामा बसेका बेलामा विस्फोट भएको जनाइएको छ। चारतले घरको दोस्रो तलामा ग्यास चुहिएपछि विस्फोट भएको प्रारम्भिक अनुसन्धानमा देखिएको र घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।
पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# भारतीय बिरामी घटेपछि चौधरी आँखा अस्पताल आर्थिक संकटमा

लहान, २९ असोज (रासस)।

सिरहाको लहानस्थित सगरमाथा चौधरी आँखा अस्पताल यतिबेला आर्थिक सङ्कटमा परेको छ।

कोरोना भाइरस सङ्क्रमणका कारण नेपाल-भारतीय सीमा बन्द हुँदा भारतबाट आउने बिरामीको सङ्ख्या ह्वातै घटेपछि यो अस्पताल आर्थिक सङ्कटमा परेको हो।

सो अस्पतालमा करिब ७५ प्रतिशत भारतीय र २५ प्रतिशत नेपाली नागरिक उपचारका लागि आउने गरेको थियो। कोरोना भाइरस सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सरकारले भारतीय सीमानाका बन्द गरेपछि उपचारका लागि अस्पताल आउने भारतीय बिरामीको सङ्ख्या ह्वातै घटेको अस्पतालका प्रवन्धक अभिषेक रोशनले जानकारी दिनुभयो।

"पहिला दैनिक एक हजार २०० सम्म बिरामी आउने गरे पनि अहिले घटेर ३ सयमा झरेको छ" उहाँले भन्नुभयो, "भारतीय बिरामी आउन छाडेपछि अस्पतालमा आर्थिक समस्या बढ्न थालेको छ।" अस्पतालमा बिरामी घटेपनि करिब ६ महिनासम्म अस्पतालको मौज्दात रकमबाट कर्मचारीलाई तलब खुवाए पनि अब भने समस्या भर्रहेको उहाँको भनाइ छ। "अस्पतालको मुख्य आयस्रोत आँखाका बिरामीहरूको उपचार नै हो", उहाँले भन्नुभयो, "उपचार सेवाबाट हुने आम्दानीले ३०० भन्दा बढी कर्मचारीलाई तलब खुवाउँदै आएका छौं, तर बिरामी नै घटेपछि अस्पतालको आयस्रोत पनि घटेको छ, फलस्वरूप अस्पताल सञ्चालन गर्न कठिनाई भइरहेको छ।"

भारतीय सेवाग्राहीबाट उठेको पैसाले जिल्लाका विभिन्न स्थानमा निःशुल्क आँखा शिविर सञ्चालन गर्दै आएको अस्पतालले अब त्यस्तो काममा समस्या हुन सक्ने बताएको छ। अस्पतालको आर्थिक अवस्थामा सुधार ल्याउन र शिविर सञ्चालन गर्न अब बैकिल्पक उपाय अपनाउनुपर्ने देखिएको छ। मुलुकमा जारी बन्दाबन्दीका समयमा पनि नियमित रूपमा उपचार सेवा सञ्चालन गर्दै आएको उक्त अस्पतालले बन्दावन्दी शुरु भएको गत चैत ११ गतेदेखि अहिलेसम्ममा २७ हजार २१३ बिरामीको उपचार गरेको जनाएको छ। गत वर्षको सोहि अवधिमा अस्पतालले ७५ हजार भन्दा बढी आँखाका बिरामीलाई उपचार गरेको थियो।

उपचारका लागि आउने बिरामीको सङ्ख्या घटेको र कोरोना सङ्क्रमणको जोखिमलाई ध्यानमा राखेर अस्पतालले स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखेर सेवा सञ्चालन गरिरहेको जनाएको छ। सो आँखा अस्पतालमा प्रदेश नं २ का आठ वटै जिल्ला र प्रदेश नं १ का उदयपुर, सुनसरी तथा भारतीय बजारबाट बिरामीहरू उपचारका लागि आउने गरेका छन्। स्थापना भएको विगत ३८ वर्षभित्र अस्पतालले ५९ लाखभन्दा बढी व्यक्तिको आँखाको जाँच तथा १२ लाखभन्दा बढीको शल्यक्रिया सेवा प्रदान गरेको अस्पतालका प्रमुख सञ्जय सिंहले बताउनुभयो। लहानबाहेक अस्पतालले मुलुकको विभिन्न शहरमा समेत शाखा बिस्तार गरी आँखाका बिरामीको उपचार गर्दै आएको छ।

प्रमुख सिंहका अनुसार यो अस्पतालले लहानबाहेक सिरहा सदरमुकाम सिरहा बजार र मिर्चैया, सप्तरीको राजविराज र कञ्चनपुर, धनुषाको धनुषाधाम, महोत्तरीको बर्दिवास र जलेश्वर, सर्लाहीको मलङ्गवा, उदयपुरको गाईघाट, खोटाङ्गको दिक्तेल र हलेसी तथा सिन्धुलीको खाल्टे गरी १३ शाखामार्फत बिरामीलाई आँखाको उपचार सेवा प्रदान गर्दै आएको छ। यसबाहेक अस्पतालले बिभिन्न सङ्घसंस्थाको समन्वयमा घुम्ती आँखा शिविरमार्फत समेत बिरामीको निःशुल्क उपचार तथा शल्यक्रिया सेवा दिँदै आएको प्रमुख सिंहको भनाइ छ। सरकारले गरेको बन्दाबन्दीको समयमा आर्थिक सङ्कटमा परेका ५०० परिवारलाई राहत समेत वितरण गरेको अस्पतालले जनाएको छ।

स्थानीय स्व. छबिलाल चौधरी, स्व. सरोबरलाल चौधरी र रबिन्द्रलाल चौधरीको सक्रियतामा सन् १९८२ मा स्थापना भएको अस्पतालले सन् १९८३ बाट नियमित आँखा उपचार सेवा शुरु गरेको हो। लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालको एउटा कोठाबाट शुरु भएको सो अस्पतालले सन् २०२१ बाट सुविधासम्पन्न आफ्नै भवनबाट सेवा सञ्चालन गर्ने लक्ष्य लिएको प्रमुख सिंहले जानकारी दिनुभयो। आम नागरिकको उपचार सेवामा समर्पित यो अस्पतालको आर्थिक अवस्थामा सुधार ल्याउनका लागि सरकारले पनि सहयोग गर्नुपर्ने लहान नगरपालिर्का्स-७ का शंकर चौधरीको भनाइ छ।

# जिल्ला प्रहरीमा हातधुने स्टेशन जडान स्वास्थ चौकीमा साबुन पानीले हात धुवाइयो





**दैनिक समाचारदाता राजविराज, २९ असोज।**

विश्व हात धुने दिवसको अवसरमा बिहीबार जिल्ला प्रहरी कार्यालय सप्तरीमा प्याडलसहितको हातधुने स्टेशन जडान गरिएको छ।

युनिसेफ प्रदेश कार्यालय जनकपुधामको सहयोग तथा सप्तरी सामुदायिक विकास केन्द्र नेपालको सहजिकरणमा कोरोना महामारीको संक्रमणलाई समेत मध्यनजर गर्दै सो हातधुने स्टेशन जडान गरिएको हो।

सो स्टेशनको जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी उपरिक्षक राजेन्द्र धमलाले हात धोएर उद्घाटन गरे। यसअघि संस्थाले राजविराजस्थित दुबै अदालत, करदाता सेवा कार्यालय लगायतका स्थानमा सो स्टेशन जडान गरिसकेको संस्था अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिएका छन्।

यस्तै एसएनभि नेपालको सहयोगमा एवं खडक नगरपालिकाको समन्वयमा सबल नेपालद्वारा वडा नं ७ को स्वास्थय चौकिमा साबुन पानीले हात धुने कार्यक्रमको उद्घाटन गरिएको छ।

सो अवसरमा खडक नगरपालीकाका नगर प्रमुख हेमायु हकले सहभागि सबै जनालाई "कोरोना महामारीको प्रकोप न्युनीकरण र स्वस्थयकर बानी व्यवहारका लागि जोखिमपुर्ण अवस्थामा साबुनपानीले हात धुने मेरो बाचा" भन्ने प्रतिबद्धतामा हस्ताक्षर गराएका छन्।

यसैगरी उप्रमुख याशमिन सुल्तान, प्रमुख प्रशासकिय अधिकृत महिनारायण चौधरी, एसएनभि नेपालका कृष्ण जिसी, वडा नं ७ का वडा अध्यक्ष राकेश साह, स्वास्थ शाखा प्रमुख जयकान्त पण्डित, नेपाली सेना, ईलाका प्रहरी कार्यालय लगायतका प्रतिनिधीहरु तथा स्थानीय समुदायको उपस्थिति रहेको थियो।

देश भरी यसपाली अक्टोबर महिनाभरी "हातको सरसफाइ सबैको लागि साबुनपानी सधैं साथ साथ" भन्ने नाराका साथ साबुन पानीले हातधुने महाअभियान संचालन गरिरहेको सबल नेपालका प्रमेश्वर झाले जानकारी दिए।

## *सप्तरीमा म्याद ...*

भन्सार छलेर भारतबाट ल्याइएका खाने तेल, खाद्य सामाग्रि, खैनी बिडी, चिप्सका साथै स्प्राइट, फेन्टा, टुबर्ग र किंगफिसर ब्राण्डका बियरसहित ठूलो परिमाणमा अखाद्य बस्तु तथा खाद्य पदार्थ नियन्त्रणमा लिई नष्ट गरिएको टोलीमा सहभागि खाद्य प्रबिधि तथा गुण नियन्त्रण कार्यालयका प्रमुख सुरेश सिंहले बताए।

सात दिनको अवधीमा मात्रै करीब १५ लाख मुल्य बराबरको म्याद गुज्रिएका तथा अखाद्य बस्तु नियन्त्रणमा लिई नष्ट गरिएको उनको भनाई छ। अनुगमनका क्रममा म्याद गुज्रिएका तथा अखाद्य बस्तुले स्वास्थ्यमा पार्ने गम्भिर असरबारे पसलेलाई सम्झाउनुका साथै पसलमा मुल्य सूची चुस्त, दुरुस्त राख्न, खाद्यान्न प्याक गर्दा मुल्य र उपभोक्ता मिति राखेर मात्र बिक्रि गर्ने लगायतका निर्देशन समेत दिने गरिएको छ।

केही पसलेले उपभोग्य बस्तुको मनपरी मुल्य कायम गरि म्याद सकिएको सामान पनि बिक्रि बितरण गरिरहेको सूचना आएपछि पहिलो चरणमा जिल्ला भित्र रहेका मदिरा, किराना र होटललाई लक्षित गरि अनुमगन थालिएको र दोश्रो चारणमा यी बाहेकका अन्य पसलमा समेत अनुगमन गरिने तयारी रहेको सहायक प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए।

संयुक्त अनुगमन टोलीमा घरेलु तथा साना उद्योग कार्यालय, उद्योग बाणिज्य संघ, उपभोक्ता मञ्चलगायतका संघ संस्थाका प्रतिनिधि र संचारकर्मी समेत सहभागि छन्।

## *दलित समुदायमाथी ...*

परिषद्का अध्यक्ष हरिनन्दन रन्जन, राजाराम पासवान, राजेश बिद्रोही, युक्तिलाल मरिक, तुलसी सदा, मनोज राउत लगायतका दलित अगुवाहरुले समेत सम्बोधन गर्दै दलित समुदायमाथी हालै मुलुकको विभिन्न भागमा भएको हत्या, हिंसा, बलात्कार र कुटपिटको घटनाको सत्यतथ्य छानबिन गरि दोषिमाथी कारवाही गरिनु पर्ने माँग गरेका थिए।

## विश्व समाचार

### थाईल्याण्डमा सङ्कटकाल घोषणा, केही प्रभावशाली नेतासहित २२ पक्राउ

बैंकक, २९ असोज (रासस/एएफपी)।

थाई नरेश जर्मनीबाट फर्किने क्रममा प्रजातान्त्रिक अधिकारका लागि भन्दै आन्दोलनरत विद्यार्थी समूहले राजाविरूद्ध नाराबाजी गरेका छन्। राजधानी बैंककमा नै राजाविरोधी नारा लागेपछि सरकारले देशभर सङ्कटकालको घोषणा गरेको छ। शान्तिपूर्ण प्रदर्शन तथा ठूला भेला रोक्न कडा सङ्कटकालीन आदेश जारी गरेको विपक्षी नेताहरूले बताएका छन्। विपक्षी समूहले प्रहरीले केही प्रभावशाली नेतासहित २० भन्दा बढी व्यक्तिलाई पक्राउ गरेको बताएको छ। नागरिक अधिकारको लागि भन्दै उनीहरूले बिहीबार बिहानैदेखि प्रदर्शन गरेका थिए। प्रहरीले केही प्रदर्शनकारीलाई पक्राउ गरिएको स्वीकार गरेको छ। राष्ट्रिय प्रहरी प्रवक्ता यिङ्ग्युस थप्जुमनोङले भन्नुभयो, "आन्दोलनकारीले आफ्ना गतिविधिलाई हिंसात्मक बनाएपछि शान्ति तथा सुव्यवस्था कायम गर्न कम्तीमा २२ जना प्रदर्शनकारीलाई नियन्त्रणमा लिई प्रहरी हिरासतमा राखिएको छ। आवश्यक अनुसनधानपछि उनीहरूलाई रिहा गरिनेछ।" थाईल्याण्डमा राजतन्त्र र राजपरिवारविरुद्ध बोल्न वा लेख्न नपाइने कानुनी व्यवस्था भएपनि प्रदर्शनकारीहरूले राजा महा वाचिरालङ्कनविरूद्ध नारावाजी गरेपछि सरकारले शान्ति र सुव्यवस्था कायम गर्न सङ्कटकाल लगाउनुपरेको बताएको छ। युवाहरूले प्रजातन्त्रका लागि भनी गर्दै आएको आन्दोलन थप हिंसात्मक बन्ने देखेपछि देशमा सङ्कटकाल लगाउनुको विकल्प नदेखिएको सरकारी अधिकारीले दावी गरेका छन्। प्रदर्शनकारीहरूले प्रधानमन्त्रीको राजीनामा र राजाको अधिकार कटौतीको माग गर्दै प्रदर्शन गरेका थिए भने सरकारले देशमा शान्ति र सुव्यवस्था कायम गर्न सङ्कटकाल लगाउनुपरेको बताएको छ। हजारौं विद्यार्थी तथा सरकारविरोधी कार्यकर्ता बैंककमा भेला भई शाही मोटर गुड्ने मार्गमा नै अवरुद्ध पार्ने उद्देश्यले सडकमा उत्रिएर तीन औंला उठाएर साङ्केतिक रूपमा विरोध प्रदर्शन गर्नुका साथै राजा र सरकारका अधिकार कटौतीसमेतको पक्षमा नाराबाजी गरेका थिए। प्रदर्शनकारीले नागरिकका अधिकारका लागि बैककका सडकमा ओर्लिन र आन्दोलनलाई थप सशक्त पार्न आह्वान गरेका छन् भने सरकारले उनीहरूलाई प्रदर्शनका लागि भेला हुन नदिने रणनीतिस्वरूप सङ्कटकालको घोषणा गरेको हो।

### वर्षाका कारण दक्षिण भारतमा कम्तीमा ३० व्यक्तिको मृत्यु

हैदरावाद, भारत (रासस/एएफपी)।

दक्षिण भारतमा एक्कासी परेको मुसलधारे वर्षा र बाढीका कारण कम्तीमा ३० व्यक्तिको मृत्यु भएको भारतीय अधिकारीले बिहीबार जानकारी गराएका छन्। भारतका ठूला प्रविधि कम्पनीहरूको केन्द्र सहर हैदरावादमा वर्षाका कारण बाढी तथा डुबान भई एउटा पर्खाल भत्किँदा कम्तीमा नौ जना र १० जना अन्य व्यक्तिको करेन्ट लागेर मृत्यु भएको स्थानीय अधिकारीले बताए। भारतीय सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत् बुधबार सार्वजनिक दृष्यहरूमा बाढीले कार तथा हल्का खालका सवारी साधन बाढीले बढेका नदीहरूमा बगिरहेको तथा सडक छेउमा तैरिएर बसेको देखाइएको छ। बाढीमा बगेका तथा डुबेका विश्वास गरिएका आठमध्ये दुई मृत भेटिएका र छ अझै वेपत्ता रहेको टाइम्स अफ इन्डियाले समाचारमा उल्लेख गरेको छ। बाढी तथा डुबानमा परी अलपत्र परेका व्यक्तिहरूको खोजीका लागि राष्ट्रिय विपद् व्यवस्थापन बल तथा प्रहरी र सेना विभिन्न स्थानहरूमा तैनाद गरिएको छ। बङ्गालको खाडीमा एक्कासी आएका तरङ्गहरूका कारण अनपेक्षित घटना हुन पुगेको मौसमविद्हरूले बताएका छन्। वर्षाका कारण सबैभन्दा बढी तेलङ्गना राज्य प्रभावित भएको छ भने मुसलधारे पानीको असर आन्ध्रा प्रदेश र कर्नाटकमा समेत परेको छ। भारतमा बाढी तथा डुबानमा परी वर्षेनी सयौं मानिसले ज्यान गुमाउने गरेका छन्। विज्ञहरूले वर्षाका कारण हुने मृत्युलाई कमजोर संरचना र मौसमसम्बन्धी कार्यालयले समयमै सावधानी नगराउँदा अकालमा नागरिकको ज्यान जाने गरेको दावी गरेका छन्।

### भारतमा कोरोना संक्रमित ७३ लाख पुगे, एकै दिन ६८ हजारमा कोरोना संक्रमण

नयाँदिल्ली, २९ असोज (रासस-एएनआई)।

भारतमा कोरोनाभाइरस संक्रमणबाट पछिल्लो चौबीस घण्टामा ६८० जनाको मृत्यु भएको छ। भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार भारतमा कूल संक्रमितको संख्या ७३ लाख ७ हजार नाघेको छ। पछिल्लो चौबीस घण्टामा भारतमा ६७ हजार ७०८ जना नयाँ संक्रमित भेटिएका छन्। मन्त्रालयका अनुसार हाल ८ लाख १२ हजार ३९० जना सक्रिय संक्रमित अवस्थामा छन् भने ६३ लाख ८३ हजार ४४२ जना निको भएका छन्। कोरोना संक्रमितको निको हुने दर भारतमा निकै उत्साहप्रद रहे पनि हालसम्म १ लाख ११ हजार २६६ जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ। यसैबीच, भारतमा सर्वाधिक असर परेको महाराष्ट्र राज्यमा एक लाख ९६ हजार ७६१ जना कोरोनाभाइरसका सक्रिय संक्रमित बिरामी रहेका छन्। महाराष्ट्रमा हालसम्म ४० हजार ८५९ जनाको ज्यान गइसकेको छ। यहाँ १३ लाख १६ हजार व्यक्ति निको भएका छन्। अर्को सर्वाधिक असर परेको कर्नाटक राज्यमा एक लाख १६ हजार व्यक्ति सक्रिय संक्रमित रहेका छन्। यस राज्यमा हालसम्म १० हजार १९८ जनाको मृत्यु भएको छ। केरला राज्यमा भने १ हजार ६६ जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ। मन्त्रालयका अनुसार यहाँ २ लाख १५ हजार व्यक्ति निको भएका छन् भने ९३ हजार ९२५ जना अझै सक्रिय संक्रमित अवस्थामा छन्। आन्ध्र प्रदेशमा ६ हजार ३१९ जनाको मृत्यु भइसकेको छ भने अझै ४१ हजार ६६९ व्यक्ति सक्रिय संक्रमित अवस्थामा छन्। त्यस्तै पाँच हजार ८९८ जनाको मृत्यु भएको नयाँदिल्लीमा २१ हजार ९०३ जना सक्रिय संक्रमित छन्। यसैबीच, भारतीय स्वास्थ्य अनुसन्धान परिषदले भारतमा ९ करोडभन्दा बढी कोरोना परीक्षण गरिएको जनाएको छ।

# कोराना संक्रमित एक महिलाको मृत्यु

दैनिक समाचारदाता
राजविराज, २९ असोज ।

सप्तरीमा कोरोना संक्रमित थप एक महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा कञ्चनरूप नगरपालिका २ बरमझियाकी ४६ वर्षीया महिला रहेकी छिन् ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियाँलाल यादवले अर्बुद रोगबाट पीडित महिलाको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा असोज २६ गते गरिएको पिसिआर परीक्षणमा कोरोना संक्रमण पुष्टि भएको जानकारी दिएका छन् ।

अर्बुदरोगलगायत विभिन्न दीर्घरोगबाट पीडित महिलामा संक्रमण देखिएपछि धरानका चिकित्सकले अर्बुदरोगको अन्तिम चरणमा रहेको भनी घर फर्काएको उनको भनाई छ ।

योसँगै जिल्लामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या २३ पुगेका छन् । संक्रमित हुनेको संख्या एक हजार ४ सय ५६ पुगेको स्वास्थ्य कार्यालयले जनाएको छ । ती मध्ये एक हजार १ सय ५१ जना निको भएका छन् ।

# सिरहाका ४५ उद्योगको दर्ता खारेज

लहान, २९ असोज (रासस) ।

घरेलु तथा साना उद्योग कार्यालय लहान सिरहाले आर्थिक वर्ष २०७६/७७ मा सप्तरीका ४५ वटा उद्योगको दर्ता खारेज गरेको छ । लामो समयसम्म नवीकरण नगराएका र कुनै कारोबारसमेत नगरेको भन्दै घरेलु तथा साना उद्योग कार्यालय लहानले ४५ वटा उद्योगको दर्ता खारेज गरेको जनाएको छ ।

दर्ता गराएर पनि लामो समयसम्म नवीकरण नगराउने र कुनै कारोबार नगर्ने उद्योगको दर्ता खारेज गरिएको घरेलु तथा साना उद्योग कार्यालय लहानका प्रमुख दीपेन्द्रकुमार यादवले जानकारी दिनुभयो ।

त्यस्तै आर्थिक वर्ष २०७६/७७ मा सो कार्यालयमा एक हजार १४४ नयाँ उद्योग दर्ता भएको र ४४५ उद्योगको नवीकरण गरिएको समेत प्रमुख यादवले बताउनुभयो । अघिल्लो आर्थिक वर्ष २०७५/७६ मा सो कार्यालयले ३० उद्योगको दर्ता खारेज गरेको थियो ।

# सन्दिपले अवसर नपाउँदा सप्तरीका खेलप्रेमी निरास

दैनिक समाचारदाता
राजविराज, २९ असोज ।

इन्डियन प्रिमियर लिग (आइपिएल) टि-ट्वाइन्टी क्रिकेटको १३ औं संस्करण अहिले जारि रहेको छ । यूएईमा जारि यस प्रतियोगितमा दिल्ली क्यापिटल्स् टिममा आवद्ध नेपाली यूवा क्रिकेटर सन्दिप लामिछाने हालसम्म प्लेइङ सेटमा पर्न सकेका छैनन् ।

उनी आवद्ध दिल्ली क्यापिटल्स टिम दुवई अन्तराष्ट्रिय क्रिकेट मैदानमा प्रतियोगिता अन्तरगत बिहीबारसम्म आठ खेल खेलिसकेको छ । तर ती सबै खेलमा सन्दिपलाई बेञ्चमा राख्दा उनको खेल हेर्न उत्साहित यहाँका खेलप्रेमिमा निरासा छाएको हो ।

सप्तरी क्रिकेट संघका सचिव चन्दन यादव सन्दिप आवद्ध रहेको दिल्ली क्यापिटल्स टिमलाई आफूहरुको समर्थन रहेपनि सन्दिपलाई अहिलेसम्मको खेलमा बेञ्चमै राख्दा मन खिन्न भएको बताउँछन् । पूर्व क्रिकेटर राजकुमार दासले हालै क्यारेबियन प्रिमियर लिग क्रिकेट प्रतियोगितामा जमैका तलावाज टिमबाट खेलेर उत्कृष्ट प्रदर्शन गर्दै १२ विकेट लिन सफल सन्दिपलाई दिल्ली क्यापिटल्स्ले लगातार आठौं खेलसम्म बेञ्चमै राख्नु दुःखद रहेको बताए ।

दिल्ली क्यापिटल्स् हालसम्म ८ खेलमा ६ जितसहित १२ अंक जोडेर प्रतियोगिताको शिर्ष स्थानमा रहेको छ ।


## शुभकामना

हिन्दुहरुको महान चाडपर्व वडा दशैं, शुभ दिपावली तथा छठ पर्वको उपलक्ष्यमा सम्पूर्ण नेपालीमा मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



सुखराम यादव
अध्यक्ष
ग्लोबल बहुमुखी सहकारी संस्था लि., परिवार, राजविराज ७



## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ । यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## हमरा सभक जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि ।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि ।

यी रोगसँ बचबाक लेल की करैय परतई ?

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू ।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु । आऽ सनिटाइजर हातमे लगाबु । ककरोसँ भेटैछी त हात नहिं मिलाबु । खाली नमस्कार आऽ प्रणाम केल करू ।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु । आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु । भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु ।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

आरो ध्यान देववाला बात :

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू ।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी ।
- डेराऊ नहिं, सतर्क रहु ।

तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np